# Nepal Swimming Association

## New Constitution with Amendments 2080 (2023 A.D.)

**2023 A.D.**

**(Nepali Version-Original)**

# नेपाल पौडी संघको विधान २०८०

प्रस्तावनाः नेपाल राष्ट्र भित्र पौडी खेलको विकास एवं विस्तार गर्ने र पौडी खेलमा अन्तराष्ट्रिय स्तरमा नेपालको सहभागिता बृध्दी गरी खेलकूदको माध्यमबाट राष्ट्रको प्रतिष्ठा अभिबृध्दी गर्न एवं नेपालको भौगोलिक वनावट र विद्यमान भौतिक पूर्वाधारको अवस्थाको कारण पौडी खेललाई विशेष खेलको रुपमा समावेश गरी स्वस्थ नागरिक उत्पादन गर्न, पौडी खेल र खेलाडीको हक, हित र कल्याणका लागि पौडी खेलप्रति अभिरुचि राख्ने सवैलाई संगठित गरी खेल संघको स्वायत्तता सम्बन्धी अन्तराष्ट्रिय मुल्य र मान्यता अनुरुप नेपाल पौडी संघ स्थापना गरी सो संघलाई व्यवस्थित गरी संचालन गर्न वाञ्छनीय भएकोले, नेपाल पौडी संघले यो विधान बनाएको छ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो विधानको नाम 'नेपाल पौडी संघको विधान २०८०' रहनेछ।

(२) यो विधान नेपाल पौडी संघको साधारण सभाले पारित गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस विधानमा,

(क) 'अध्यक्ष' भन्नाले नेपाल पौडी संघको अध्यक्षलाई जनाउनेछ।

(ख) 'उपाध्यक्ष' भन्नाले नेपाल पौडी संघको उपाध्यक्षलाई जनाउनेछ।

(ग) 'क्लब' भन्नाले नेपाल पौडी संघको स्वीकृतिमा नेपालमा पौडी खेलको विकासको लागि संघको शाखाको रुपमा स्थानीय तहमा स्थापित भएको संस्था वा क्लबलाई जनाउनेछ।

(घ) 'कार्य समिति' भन्नाले केन्द्रीय कार्य समितिलाई जनाउनेछ।

(ङ) 'कोषाध्यक्ष' भन्नाले नेपाल पौडी संघको कोषाध्यक्षलाई जनाउनेछ।

(च) 'चन्दादाता' भन्नाले नेपालमा पौडी खेलको विकास विस्तारकालागि आर्थिक तथा भौतिक सहयोग पुर्याएको भनी नेपाल पौडी संघले मान्यता प्रदान गरेको व्यक्ति वा संघ, संस्था वा प्रतिष्ठानलाई जनाउनेछ।

(छ) 'जिल्ला पौडी संघ' भन्नाले नेपाल पौडी संघको विधान तथा प्रचलित नेपाल कानून तथा प्रदेश कानून बमोजिम गठन भएको नेपाल पौडी खेल संघ अन्तर्गतको जिल्ला स्तरीय पौडी संघलाई जनाउनेछ।

(ज) 'टेक्निकल समिति' भन्नाले रेफ्रि, जज् र प्रशिक्षकहरुको टेक्निकल समितिलाई जनाउनेछ।

(झ) 'तोकिए वा तोकिए बमोजिम' भन्नाले यस विधान अन्तर्गत बनेको नियम, विनियम वा केन्द्रीय कार्य समितिले तोके बमोजिमको कार्यलाई जनाउनेछ।

(ञ) 'नेपाल ओलम्पिक कमिटी' भन्नाले अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीबाट मान्यता प्राप्त राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ३७ बमोजिमको मान्यता दिएको नेपाल ओलम्पिक कमिटीलाई जनाउनेछ।

(ट) 'परिषद' भन्नाले राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ बमोजिम स्थापित राष्ट्रिय खेलकुद परिषदलाई जनाउनेछ।

(ठ) 'प्रदेश पौडी संघ' भन्नाले नेपाल पौडी संघको विधान तथा प्रचलित नेपाल कानून तथा प्रदेश कानून बमोजिम गठन भएको नेपाल पौडी संघ अन्तर्गतको प्रदेश स्तरीय पौडी संघलाई जनाउनेछ।

(ड) 'बरिष्ठ-उपाध्यक्ष' भन्नाले नेपाल पौडी संघको उपाध्यक्षलाई जनाउनेछ।

(ढ) 'महासचिव' भन्नाले नेपाल पौडी संघको महासचिवलाई जनाउनेछ।

(ण) 'विधान' भन्नाले नेपाल पौडी संघको विधान २०८० लाई जनाउनेछ।

(त) 'संघ' भन्नाले विधानको दफा ३ बमोजिम स्थापित नेपाल पौडी संघलाई जनाउनेछ।

(थ) 'सचिव' भन्नाले नेपाल पौडी संघको सचिवलाई जनाउनेछ।

(द) 'सचिवालय' भन्नाले नेपाल पौडी संघको निर्णय कार्यान्वयन गरी दैनिक कार्य संचालनलाई व्यवस्थित गर्न कार्यसमितिका सदस्यहरु मध्येबाट विधानको धारा (४) बमोजिम गठन भएको सचिवालयलाई जनाउनेछ।

(ध) 'सदस्य' भन्नाले नेपाल पौडी संघको कार्य समिति सदस्यलाई जनाउनेछ। सो शब्दले नेपाल पौडी संघको अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्ष समेतलाई जनाउनेछ।

(न) 'सहकोषाध्यक्ष' भन्नाले नेपाल पौडी संघको सह कोषाध्यक्षलाई जनाउनेछ।

(ऩ) 'साधारण सदस्य' भन्नाले नेपाल पौडी संघको साधारण सदस्यता प्राप्त गरेको व्यक्तिलाई जनाउनेछ।

(प) 'साधारण सभा' भन्नाले नेपाल पौडी संघको सर्वोच्च निकायको रुपमा दफा ८ बमोजिम स्थापित साधारण सभालाई जनाउनेछ।

(फ) 'स्थानीय तह' भन्नाले प्रचालित कानून बमोजिम गठन भएको नगरपालिका वा गाउँपालिका वा जिल्ला समन्वय समितिलाई जनाउनेछ।

## परिच्छेद – २
## संघको स्थापना र उद्देश्य

३. **संघको स्थापना:**(१) अन्तर्राष्ट्रिय पौडी महासंघको विधान, नियमावली एवं दिग्दर्शन, खेल सम्बन्धी अन्तर्राष्ट्रिय मुल्य र मान्यता, प्रचलित नेपाल कानून समेतको अधिनमा रही पौडी खेलको विकास र विस्तार गर्न राष्ट्रिय खेलकुद परिषदमा दर्ता गरी नेपाल राष्ट्रमा राष्ट्रिय स्तरको नेपाल पौडी संघको स्थापना गरिएको छ।

(२) नेपाल पौडी संघको कार्य समितिमा देहाय बमोजिम ३१ जना पदाधिकारी तथा सदस्यहरु रहनेछन्।

| | | |
|---|---|---|
| (क) | अध्यक्ष | १ |
| (ख) | बरिष्ठ-उपाध्यक्ष | १ |
| (ग) | उपाध्यक्ष | ४ |
| (घ) | महासचिव | १ |
| (ङ) | सचिव | २ |
| (च) | कोषाध्यक्ष | १ |
| (छ) | सह कोषाध्यक्ष | १ |
| (ज) | सदस्यहरु | २० |

(३) उपदफा (२) बमोजिम गठन हुने नेपाल पौडी संघको केन्द्रीय कार्य समितिको अध्यक्ष - १, बरिष्ठ - उपाध्यक्ष - १, कम्तिमा १ महिला सहित उपाध्यक्ष - ३, महासचिव - १, सचिव - २, कोषाध्यक्ष - १, सहकोषाध्यक्ष - १ र सदस्य - १७ प्रत्यक्ष निर्वाचनबाट निर्वाचित हुनेछन।

(४) उपदफा (३) बमोजिमको निर्वाचनमा प्रदेश संघ गठन भएका प्रत्येक प्रदेशबाट कम्तिमा एक जना सदस्यको प्रतिनिधित्व हुने गरी निर्वाचन समितिद्वारा निर्वाचन क्षेत्र निर्धारण गरिनेछ।

(५) उपदफा (३) बमोजिमको प्रत्यक्ष निर्वाचित पदाधिकारी र सदस्य वाहेक बाँकी सदस्य मध्ये उपाध्यक्ष - १ जना र सदस्य - १ जना कार्यसमितिबाट तथा सदस्य - २ जना अध्यक्षबाट मनोनित गरिनेछ। अध्यक्षबाट मनोनित गर्दा कम्तिमा एक जना महिला अनिवार्य हुनु पर्नेछ।

(६) संघको केन्द्रीय कार्यसमितिको पदाधिकारी वा सदस्यहरुमा सम्भव भएसम्म ३३% महिलाको प्रतिनिधित्व हुने गरी निर्वाचन क्षेत्र निर्धारण गरिनेछ।

(७) अन्तर्राष्ट्रिय पौडी महासंघ, एशियाली पौडी संघ वा दक्षिण एशियाली पौडी संघको सदस्य भएको नेपाली नागरिक नेपाल पौडी संघको कार्य समितिमा पदेन सदस्य हुनेछ।

(८) नेपाल पौडी संघमा रेफ्रि, जज् र प्रशिक्षकहरुको टेक्निकल समिति गठन गरिनेछ । सो समितिले संघको नीति निर्देशनमा कार्य गर्नेछ ।

(९) प्रदेश स्तर तथा स्थानीय स्तरमा संघको स्थापना गर्दा केन्द्रीय कार्य समितिको स्वीकृतिमा गठन गरिनेछ । प्रदेश स्तर तथा स्थानीय स्तरमा गठित पौडी संघले नेपाल पौडी संघको विधान, नियमावली एवं दिग्दर्शन, खेल सम्बन्धी अन्तर्राष्ट्रिय मुल्य र मान्यता, प्रचलित नेपाल कानून, प्रदेश कानून तथा स्थानीय कानून समेतको अधिनमा रही पौडी खेलको विकास र विस्तार गर्न आवश्यक कार्य गर्नेछ ।

(१०) नेपाल पौडी संघका पदाधिकारी तथा सदस्यहरुको पदावधि ४ वर्षको हुनेछ ।
तर विषेश परिस्थिति परेको अवस्थामा कार्य समितिको सिफारिशमा नेपाल पौडी संघको साधारण सभाले एक बर्षमा नबढ्ने गरी पदाधिकारी तथा सदस्यहरुको पदावधि थप गर्न सक्नेछ ।

४. <u>सचिवालयको गठनः</u> (१) नेपाल पौडी संघको कार्यलाई व्यवस्थित गरी संचालन गर्न अध्यक्ष, महासचिव र कोषाध्यक्ष सहित आवश्यकता अनुसार सचिवालय गठन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने सचिवालयमा अन्य सदस्यहरु संघको पदाधिकारी वा सदस्यहरु मध्येबाट कार्य समितिद्वारा मनोनित गरिनेछ ।

(३) संघको अध्यक्ष र महासचिवले सचिवालयको अध्यक्ष र सचिव भई कार्य गर्नेछन् ।

५. <u>नेपाल पौडी संघको उद्देश्यः</u> प्रचलित ऐन कानूनको अधिनमा रही नेपाल सरकारको खेल नीतिलाई आत्मसाथ गर्दै ओलम्पिक बडापत्र (चार्टर) र अन्तर्राष्ट्रिय पौडी संघको विधान बमोजिम खेल संघको अन्तर्राष्ट्रिय मुल्य र मान्यतामा प्रतिकुल असर नपर्ने गरी नेपाल सरकारसँग समन्वय राखी काम गर्ने गरी यस संघको उद्देश्य देहाय बमोजिम हुनेछ ।

(क) यो संघ गैर नाफामुलक, स्वयमसेवी संस्था हुनेछ ।
(ख) पौडी खेलप्रति सर्वसाधारणको रुची अभिबृद्धि गर्ने ।
(ग) पौडी खेलको नेपालराज्यभर विस्तार र यसको समुचित विकासमा जोड दिने ।
(घ) पौडी खेलको स्तर बृद्धि गर्न प्रशिक्षणहरु संचालन गर्ने गराउने ।
(ङ) पौडी खेलका विभिन्न स्तर र तहका प्रतियोगिता संचालन गर्ने गराउने ।
(च) पौडी खेलाडी तथा प्रशिक्षकहरुको हक, हित र कल्याणका लागि आवश्यक कार्य गर्ने गराउने ।
(छ) पौडी स्वास्थ्यको लागि खेलाडी राष्ट्रको लागि भन्ने जनचेतना अभिबृध्दि गरी स्वस्थ खेलाडी उत्पादन गर्ने ।
(ज) नेपालमा पौडी खेलको विकास र विस्तारका सम्बन्धमा आवश्यकता अनुसार परिषद, ओलम्पिक कमिटी नेपाल सरकारलाई राय एवं सुझावहरु दिने, त्यस सम्बन्धमा आवश्यक समन्वय गर्ने ।
(झ) पौडी खेलको लागि आवश्यक प्राविधिक जनशक्तिको विकास, विस्तार र संचालन गर्ने गराउने ।
(ञ) पौडी खेलमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहभागिता गर्ने गराउने ।
(ट) खेलकूद सम्बन्धी संस्थाहरुसंग समन्वय गर्ने गराउने ।
(ठ) पौडी खेलको माध्यमद्वारा राष्ट्रको इज्जत, प्रतिष्ठा एवं सम्मानको अन्तर्राष्ट्रिय स्तरमा बृद्धि गर्ने गराउने ।
(ड) पौडी खेलप्रति विद्यार्थी, युवा, युवती तथा बालबालिकाहरुको सहभागिता बृद्धि गर्ने ।
(ढ) खेलकूद सम्बन्धी जानकारीको लागि संघको बुलेटिन, पुस्तक, पत्रपत्रिका प्रकाशन गर्ने गराउने ।
(ण) संघलाई आत्मनिर्भर गराउन आर्थिक सहयोग तथा अन्य सहयोगको बन्दोवस्त गर्ने गराउने ।
(त) विभिन्न कारणबाट शारिरीक, मानसिक, मनोसामाजिक तथा बौद्धिक अपाङ्गता भएका ब्यक्तिका लागि पौडी खेलकुद प्रति अभिरुची वृद्धि गराई उक्त खेलको प्रतियोगिता र प्रशिक्षणहरु आयोजना गर्ने र अपाङ्गहरुको अर्न्तराष्ट्रिय प्रतियोगिता, सेमिनार र गोष्ठीमा सहभागी गराई देशको प्रतिष्ठा अभिवृद्धि गर्ने ।
(थ) संघको उद्देश्य परिपुर्तिका लागि आवश्यक अन्य कार्यहरु गर्ने गराउने ।
(द) क्लब गठन गर्ने ।

संघ संगठित संस्था हुनेः

(क) संघ अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(ख) संघका सवै काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ । संघको छाप अनुसूचि १ मा उल्लेख भए बमोजिम हुनेछ ।

(ग) संघले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, वेचविखन गर्न वा अन्य किसिमको व्यवस्था गर्न सक्नेछ ।

(घ) संघले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र संघ उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(ङ) संघको आफ्नो छुट्टै झण्डा हुनेछ । संघको झण्डा अनुसूचि २ मा उल्लेख भए बमोजिम हुनेछ ।

७. संघको कार्यालयः

(क) संघको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

(ख) संघ, प्रदेश र जिल्ला स्तरीय पौडी संघको सचिवालयको रुपमा काम गर्नको लागि कार्यालयहरु रहन सक्नेछन् ।

## परिच्छेद –३

## साधारण सभा र बैठक सम्बन्धी

८. साधारण सभाः (१) नेपाल पौडी संघको केन्द्रीय साधारण सभा देहाय बमोजिमका सदस्यहरु रहने गरी गठन हुनेछः

(क) केन्द्रीय कार्य समितिका सदस्यहरु

(ख) टेक्निकल समितिबाट निर्वाचित प्रतिनिधि एक जना

(ग) राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २३ बमोजिम गठन भएको प्रत्येक प्रदेश संघबाट केन्द्रीय साधारण सभाका लागि निर्वाचित प्रतिनिधी दुई जना ।
तर यो व्यवस्था प्रदेश संघ गठन भएको अवस्थामा मात्र लागू हुनेछ ।

(घ) राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २४ बमोजिम गठन भएका प्रत्येक जिल्ला संघबाट केन्द्रीय साधारण सभाको लागि निर्वाचित प्रतिनिधी एक जना ।
तर यो व्यवस्था जिल्ला संघ गठन भएको अवस्थामा मात्र लागू हुनेछ ।

(ङ) ओलम्पिक खेलमा भाग लिएका पौडी खेलाडीहरु मध्येबाट प्रतिनिधी एक जना ।

(च) केन्द्रीय संघ विघटन भई तदर्थ समिति कायम भएमा वा केन्द्रीय कार्यसमितिको पदाधिकारीहरुको पदावधी समाप्त भएमा जिल्ला र प्रदेशबाट निर्वाचित भई आएका साधारण सभाको सदस्यहरुको पदावधी समाप्त भएको मानिनेछ ।

(२) नेपाल पौडी संघको साधारण सभा हुँदा उपदफा (१) बाहेक कुनै व्यक्तिलाई पर्यबेक्षक, प्रतिनिधिको रुपमा सधारण सभामा भाग लिन पाउने गरी संघले तोक्न सक्नेछ ।
तर, त्यस्ता प्रतिनिधिलाई मतदानमा भाग लिने अधिकार हुने छैन ।

(३) प्रदेश संघ, जिल्ला संघ तथा कार्यसमितिका पदाधिकारीहरुको पदावधी समाप्त भएकोमा प्रदेश संघ, जिल्ला संघको निर्वाचन सम्पन्न गरी साधारण सभामा विधानले तोकेको कार्यविधि पुरा गरी निर्वाचित गरी निर्वाचन साधारण सभा सदस्य (प्रतिनिधि) पठाउनु पर्नेछ । त्यसरी विधानले तोकेको कार्यविधि पुरा नगरी पठाएको साधारण सभा सदस्य (प्रतिनिधि) बैध भएको मानिने छैन ।

(४) केन्द्रीय कार्य समितिको निर्वाचन हुँदा केन्द्रीय कार्य समितिमा निर्वाचित हुन नसकेका केन्द्रीय कार्य समितिका पदाधिकारीहरुको साधारण सभा सदस्य (प्रतिनिधि) स्वतः समाप्त भएको मानिनेछ ।

९. संघको बैठकः (१) संघको बैठक अध्यक्षको परामर्श लिई महासचिवले बैठक बस्ने मिति, समय र स्थान खोली बोलाउनेछ । संघको बैठक कम्तिमा तीन महिनामा एक पटक बस्नेछ ।

(२) संघको कार्यसमिति तथा साधारण सभामा कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा संघको कार्यसमिति तथा साधारण सभाको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(३) अध्यक्षको अनुपस्थितिमा बरिष्ठ-उपाध्यक्षले बैठक वा सभाको अध्यक्षता ग्रहण गर्नेछ । अध्यक्ष तथा बरिष्ठ-उपाध्यक्षको समेत अनुपस्थिति रहेमा उपाध्यक्षहरु मध्ये जेष्ठ उपाध्यक्षले बैठक वा सभाको अध्यक्षता ग्रहण गर्नेछ ।

(४) संघको बैठकमा बहुमतको राय मान्य हुनेछ । मत बराबर भएको अवस्थामा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ तर पदेन सदस्यलाई मताधिकार हुने छैन ।

(५) संघको निर्णय पुस्तिका अध्यक्ष र महासचिवले प्रमाणित गर्नेछन् ।

(६) प्रदेश संघ र जिल्ला संघको बैठक सम्बन्धी व्यवस्था उपदफा (१),(२), (३), (४) र (५) सँग नबाझिने गरी प्रदेश संघ र जिल्ला संघ आफैंले निर्धारण गर्न सक्नेछ । तर प्रदेश संघ र जिल्ला संघले बैठक सम्बन्धी कुनै कार्यविधि थप गर्नु परेमा संघको स्वीकृति लिई थप व्यवस्था लागु गर्न सक्नेछ

(७) विशेष परिस्थिति तथा आर्थिक मितव्ययिता समेतलाई ध्यानमा राखी भर्चुवल बिधिबाट संघको बैठक तथा साधारण सभा आयोजना गर्न सकिनेछ ।

(८) संघको बैठक सम्बन्धी अन्य कार्यविधि संघ आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. <u>साधारण सभाको कार्यबिधि</u> (१) साधारण सभाको कार्यबिधि देहाय बमोजिम हुनेछ ।

(क) सामान्यतयाः बर्षमा एक पटक संघको बार्षिक साधारण सभा बस्नेछ ।
तर, कार्य समितिले विशेष साभारण सभा बोलाउन वा यस विधान बमोजिम अन्य विशेष साधारण सभा बस्न यस उपदफाले बाधा पुर्याएको मानिने छैन ।

(ख) साधारण सभाका सदस्यहरु मध्ये एक चौथाई सदस्यले कुनै विषयमा विशेष साधारण सभा बोलाईयोस भनी लिखित अनुरोध गरेमा संघले दुई महिना भित्र साधारण सभा बस्ने गरी विशेष साधारण सभा बोलाउनेछ ।

(ग) संघले बार्षिक साधारण सभा बस्ने सम्वन्धमा कम्तिमा एक्काईस दिन अगावै र विशेष साधारण सभा बस्ने सम्वन्धमा कम्तिमा सात दिन अगावै सूचना दिई बार्षिक वा विशेष साधारण सभा बोलाउने छ ।

(घ) साधारण सभामा कम्तिमा पचास प्रतिशतभन्दा बढी सदस्यको उपस्थिती भएपछि साधारण सभाको गणपुरक संख्या पुगेको मानिनेछ । तर, पहिलो दिन गणपुरक संख्या नपुग भएमा त्यसको भोलिपल्ट तेत्तीस प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

(ङ) साधारण सभाको सभापतित्व अध्यक्षले र निजको अनुपस्थितिमा बरिष्ठ उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ । बरिष्ठ उपाध्य समेत अनुपस्थित भएमा उपाध्यक्षहरु मध्ये ज्येष्ठ उपाध्यक्षले गर्नेछ ।

(च) साधारण सभामा निर्णयको लागि प्रस्तुत गरिने विषय कार्य समितिले प्रस्तावको रुपमा पेश गर्नु पर्नेछ ।

(छ) निर्वाचन बाहेक पक्ष विपक्षमा मत दिंदा साधारणतया हात उठाई मत दिन सकिनेछ ।
तर गोप्य मतदान गर्न यो व्यवस्थाले बाधा पुर्याएको मानिने छैन ।

(ज) मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(झ) साधारण सभामा उपस्थित सदस्यहरुको वहुमतको रायलाई साधारण सभाको निर्णय मानिनेछ । त्यस्तो निर्णय सभाको अध्यक्षता गर्ने व्यक्ति र साधारण सभाको प्रतिनिधिबाट प्रमाणित गरिनेछ ।

(ञ) साधारण सभाको निर्णय निर्णय पुस्तिकामा अभिलेख गरिनेछ ।

(ट) साधारण सभाका सदस्यहरुले तीन दिन अगावै साधारण सभामा छलफलको लागि प्रस्तुत गरेको प्रस्ताव कार्यसमिति मार्फत साधारण सभामा प्रस्तुत गरिनेछ । सो प्रस्ताव उपर

साधारण सभाले निर्णय लिन सक्नेछ । तर, त्यस्तो प्रस्तावको माध्यमबाट अविश्वासको प्रस्ताव दर्ता गर्न पाईने छैन ।

(२) साधारण सभा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११. <u>निर्देशिका लागु गर्न सक्नेः</u> (१) संघको केन्द्रीय कार्यसमितिले संघको प्रदेश साधारण सभा, जिल्ला साधारण सभा, केन्द्रीय कार्यसमितिका पदाधिकारीहरु तथा जिल्ला कार्य समितिको आबध्दता, गठन, काम, कर्तव्य र अधिकार सम्वन्धमा छुट्टै निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) संघको स्वीकृत विधान तथा उद्देश्य विपरित कुनै काम भए गरेको पाईएमा त्यस्ता प्रदेश साधारण सभा, जिल्ला साधारण सभा, प्रदेश समिति तथा जिल्ला कार्य समितिको काम, कर्तव्य र अधिकार संघको केन्द्रीय कार्यसमितिले निलम्वित गर्न सक्नेछ ।

(३) पौडी खेलाडी वा पौडी खेलसँग सम्बन्धित प्रशिक्षक, रेफ्री, संघका पदाधिकारी वा सदस्य, कर्मचारी, खेल पत्रकार लगायत पौडी खेलसँग सम्बन्धित ब्यक्तिहरुको अनुशासनसँग सम्बन्धित विषयमा संघले आवश्यक निर्देशन जारी गर्न सक्नेछ ।

## परिच्छेद – ४

## <u>साधारण सभा, कार्य समिति तथा पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार</u>

१२. <u>साधारण सभाको काम, कर्तव्य र अधिकारः</u> (१)नेपाल पौडी संघको केन्द्रीय साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) कार्यसमितिले प्रस्तुत गरेको एजेण्डामा छलफल र निर्णय गर्ने ।

(ख) केन्द्रीय कार्य समितिको निर्वाचन गर्ने ।

(ग) लेखापरिक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने ।

(घ) लेखा परिक्षकको प्रतिवेदन छलफल गरी निर्णय गर्ने ।

(ङ) बार्षिक कार्यक्रम र बजेट पारीत गर्ने ।

(च) अविश्वासको प्रस्ताव आएका बखत सो उपर छलफल र निर्णय गर्ने ।

(छ) कार्य समिति विरुध्द अविश्वासको प्रस्ताव पारितभएमा नयाँ निर्वाचन नहुन्जेलसम्मको लागि तदर्थ समिति गठन गर्ने ।

(ज) विधान संशोधन गर्ने।

(झ) कार्यसमितिलाई आवश्यकता अनुसार निर्देशन दिने तथा समसामयिक विषयमा विभिन्न प्रस्तावहरु पारित गर्ने ।

(ञ) संघको उद्देश्य कार्यान्वयन गर्ने सम्वन्धमा उपयुक्त र आवश्यक कार्य गर्ने गराउने ।

(ट) साधारण सभाको सचिवालयको काम कार्यसमितिको सचिवालय वा कार्यालयबाट गरिनेछ ।

१३. <u>कार्यसमितिको काम, कर्तव्य र अधिकारः</u> (१) प्रचलित ऐन कानूनको परिधि भित्र रही संघको केन्द्रीय कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) संघको केन्द्रीय कार्य समितिले गर्ने भनी ऐन, कानुन नियम तथा विधान र नियमावलीमा तोकिएको कार्यहरु गर्ने गराउने ।

(ख) खेलको विकास र विस्तारमा क्रियाशिल रहने ।

(ग) संघको उद्देश्य प्राप्तिका लागि संघका कार्यहरु संचालन गर्ने गराउने ।

(घ) जिल्ला, प्रदेश एवं राष्ट्रिय प्रतियोगिताहरु आयोजना तथा संचालन गर्ने, अन्तर्राष्ट्रिय प्रतियोगिताहरुको आयोजना तथा संचालन गर्ने गराउने ।

(ङ) संघको आर्थिक श्रोत, खेल सामग्री तथा उपकरणहरु जुटाउने तथा श्रोतहरु एकिन गरी त्यस्ता कार्यक्रमहरु संचालन गर्ने गराउने ।

(च) संघको बार्षिक बजेट तथा कार्यक्रम तथा संघको कर्मचारी, आर्थिक तथा अन्य आवश्यक नियमहरु बनाई स्वीकृतिका लागि साधारण सभामा पेश गर्ने ।

(छ) खेलकुदको विकास र विस्तारको लागि अन्य खेलकुद संघहरुसँग समन्वय र सहकार्य गर्ने ।

(ज) संघका मातहतमा प्रदेश संघहरु वा जिल्ला संघहरु गठन गर्न स्वीकृति दिने, समन्वय गर्ने र आवश्यकता अनुसार निर्देशन दिने ।

(झ) संघका मातहतका प्रदेश र जिल्ला संघहरुलाई कार्यक्रम संचालन गर्न तथा पौडी खेलको विकास गर्न सहयोग जुटाउने ।

(ञ) सदस्यता प्रदान गर्ने सम्बन्धी प्रस्ताव उपर छलफल गर्ने र सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय उपर विवाद आएमा त्यस्तो निर्णय गर्ने र निर्णय बमोजिम गर्न गराउन जिल्ला कार्यसमितिलाई निर्देशन दिने ।

(ट) संघको बार्षिक लेखापरिक्षण गराउने ।

(ठ) पौडी खेलकुदको विकास विस्तार सम्वन्धमा राष्ट्रिय खेलकुद परिषद, नेपाल ओलम्पिक कमिटी तथा नेपाल सरकारलाई राय, सल्लाह र सुझाव दिने तथा प्राप्त निर्देशन पालना गर्ने गराउने ।

(ड) पौडी खेलका खेलाडी, प्रशिक्षकहरुको रेकर्ड राख्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडीको हित र कल्याणका लागि सक्दो सहयोग पुर्याउने कार्यक्रम लागू गर्ने ।

(ढ) पौडी खेलको विकास र विस्तारका लागि देखा परेका समस्या समाधानका लागि कार्यहरु गर्ने गराउने र सोका लागि सम्बन्धित निकायसँग सहयोग माग गर्ने ।

(ण) पौडी खेलको विकास र विस्तार सम्बन्धी सभा, सम्मेलन,सेमिनार, गोष्ठी, प्रतियोगिता, तालिमआदि संचालन गर्ने गराउने, अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघहरुले आयोजना गरेकासभा, सम्मेलन, सेमिनार, गोष्ठी, प्रतियोगिता, तालिम आदिमा भाग लिने वा भाग लिन प्रतिनिधि वा खेलाडी पठाउने ।

(त) जिल्ला पौडी संघ र प्रदेश पौडी संघ तथा जिल्ला तथा प्रदेश संघका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार तोक्ने र आवश्यक निर्देशन दिने ।

(थ) स्थानीय क्लबको गठन गर्ने ।

(द) प्रदेश पौडी संघ, जिल्ला पौडी संघ र स्थानीय क्लबको बिधान स्वीकृत गर्ने ।

(ध) आफ्नो अधिकार कार्य समितिका पदाधिकारी वा सदस्य वा संघको अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्ने ।

(न) संघले गर्नुपर्ने विभिन्न खेलकुद सम्बन्धी कार्यका लागि विभिन्न उपसमितिहरु गठन गर्ने र तिनीहरुको काम, कर्तव्य र अधिकार तथा पदावधी तोक्ने ।

(प) संघको विभिन्न सदस्यताको शुल्क तोक्ने ।

(फ) संघको कार्यलय व्यवस्थित गर्ने ।

(ब) संघको उद्देश्य प्राप्तिका लागि आवश्यक कामहरु गर्ने गराउने ।

(भ) मातहतका संघ एवं निकायहरु तथा खेलाडी, रेफ्रि, प्रशिक्षक तथा सम्बन्धित व्यक्तिलाई निर्देशन दिने तथा अनुशासनात्मक कारवाही गर्ने ।

(म) सदस्यहरुको अन्य काम कर्तव्य र अधिकार तोक्ने ।

१४. <u>सचिवालयको काम, कर्तव्य र अधिकारः</u> सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) संघको बैठक नबसेको अवस्थामा संघको तर्फबाट गर्नु पर्ने कार्यमा आवश्यकता अनुसारका निर्णय गर्ने ।

(ख) आफूले गरेका निर्णय तथा कार्य अनुमोदनका निम्ति संघको बैठकमा प्रस्तुत गर्ने ।

(ग) संघको निर्णय कार्यान्वयन गर्ने/गराउने ।

(घ) संघबाट गरिनु पर्ने कार्यको प्रस्ताव तयार गर्ने ।

(ङ) खेलको विकास र विस्तारमा क्रियाशिल रहने ।

(च) वार्षिक नीति, कार्यक्रम तथा बजेट तयार गर्ने ।

(छ) तोके बमोजिमका अन्य कार्यहरू गर्ने ।

१५. संघको पदाधिकारीको काम, कर्तव्य र अधिकारः (१) संघको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) साधारण सभा र कार्य समितिको बैठकको अध्यक्षता गर्ने।
(ख) संघको साधारण सभा तथा कार्य समितिको निर्णय कार्यान्वियन भए नभएको सम्वन्धमा मुल्याङ्कन तथा निरीक्षण गर्ने र आवश्यक निर्देशन दिने।
(ग) अध्यक्षको हैसियतले गर्नुपर्ने दैनिक कार्यहरु गर्ने।
(घ) पौडी खेलको विकासको लागि परिषद, नेपाल ओलम्पिक कमिटी र अन्य खेलसँग सम्बन्धित संघ/संस्थाहरुसँग निकटतम सम्पर्कमा रही कार्य गर्ने।
(ङ) बैठकमा मत बराबर भएमा निर्णायक मत प्रदान गर्ने।
(च) संघको नेतृत्व प्रदान गर्ने।

(२) संघको बरिष्ठ-उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने सवै कार्यहरु गर्ने, गराउने।
(ख) कार्य समिति वा अध्यक्षले प्रत्यायोजित गरेको अन्य कार्यहरु गर्ने गराउने।

(३) संघको उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अध्यक्ष तथा बरिष्ठ-उपाध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने सवै कार्यहरु गर्ने, गराउने।
(ख) कार्य समिति वा अध्यक्षले प्रत्यायोजित गरेको अन्य कार्यहरु गर्ने गराउने।

(४) संघको महासचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) अध्यक्षसँग परामर्श गरी कार्य समितिको वैठक बोलाउने र कार्य समितिको निर्णय बमोजिम साधारण सभा बोलाउने।
(ख) कार्य समितिले बैठकमा छलफलमा लागि एजेण्डाहरु प्रस्तुत गर्ने।
(ग) कार्य समितिको निर्णयहरु कार्यान्वियन गर्ने गराउने।
(घ) निर्णय पुस्तिका राख्ने र संघको व्यवस्था गर्ने गराउने।
(ङ) संघको दैनिक कार्य सम्पादन गर्ने।
(च) साधारण सभा एवं कार्य समितिले प्रदान गर्ने काम र कर्तव्यको सम्पादन गर्ने।
(छ) संघको तर्फबाट पत्राचार गर्ने।
(ज) संघको निर्णय, आदेश वा लिखितको प्रतिलिपी प्रमाणित गर्ने।
(झ) अध्यक्षसँग परामर्श गरी प्रतिनिधित्व गर्नुपर्ने ठाउँमा प्रतिनिधित्वको व्यवस्था गर्ने।
(ञ) प्रतिवेदन पेश गर्ने।
(ट) संघका सदस्यको लगत राख्ने।
(ठ) संघको आवधिक प्रतिवेदन वा प्रगति विवरण सम्बन्धित संस्थामा पठाउने।
(ड) पौडी खेल सम्बन्धी अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग सम्पर्क कायम गर्ने गराउने।
(ढ) बार्षिक कार्यक्रमको तालिका निर्धारण गरी स्वीकृतिका लागि कार्य समितिमा पेश गर्ने।
(ण) अध्यक्षले तोकेको अन्य कार्य गर्ने गराउने।
(त) संघको कार्य सम्पादनको लागि महासचिवले एकपटकमा रु. २५,०००।- (पच्चीस हजार) सम्म पेश्की लिई खर्च गर्न सक्नेछ।
(थ) प्रशासनिक आदेश दिने, खर्चको स्वीकृति गर्ने गराउने।

(५) संघको सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) महासचिवको अनुपस्थितीमा महासचिवले गर्ने सवै कार्यहरु गर्ने, गराउने।
(ख) कार्य समिति, अध्यक्षवा महासचिवले प्रत्यायोजित गरेको कार्यहरु गर्ने गराउने।
(ग) महासचिवले गर्नु पर्ने कार्यमा सहयोग गर्ने।

(६) संघको कोषाध्यक्षका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आर्थिक कारोबार सम्बन्धी कार्यको जिम्मेवारी लिने।
(ख) संघको हिसाब किताब दुरुस्त राख्ने।

(ग) बजेट र त्यसको विवरण कार्य समिति र साधारण सभामा पेश गर्ने।
(घ) संघको बैंक खाता खोल्ने।
(ङ) अध्यक्ष तथा महासचिवसँग परामर्श गरी तोकिएको ठाउँमा प्रतिनिधित्व गर्ने।
(च) कार्यसमितिको निर्णय अनुसार कोषको खाता संचालन गर्ने गराउने।
(छ) संघको कोष तथा लेखा विधिवत राख्ने र संघको सम्पत्ति दायित्व आय र व्यय जनाउने गरी हिसाव राख्ने र त्यसको लेखा परिक्षण गराउने।
(ज) संघको कोष तथा लेखा सम्बन्धी सम्पूर्ण दायित्व वहन गर्ने।
(झ) संघको जिन्सी सामानको भौतिक संपरिक्षण गराउने।
(ञ) संघको सदस्य शुल्क वा चन्दा वा अन्य रकमको श्रेस्ता दुरुस्त राख्ने, उठाउन बाँकी रकम उठाउने।
(ट) नेपाल सरकारद्वारा जारी सार्वजनिक खरिद ऐन २०६३ को कार्यान्वयन गर्ने, गराउने।

(७) संघको सहकोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–
(क) कोषाध्यक्षलाई सहयोग गर्ने।
(ख) कार्य समिति, अध्यक्ष वा कोषाध्यक्षले प्रत्यायोजित गरेको कार्यहरु गर्ने गराउने।
(ग) तोकेको अन्य कार्य गर्ने।

(८) संघको कार्य समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-
(क) कार्य समिति तथा साधारण सभाको बैठकमा भाग लिने।
(ख) पौडी खेल विकासको लागि सल्लाह र सुझाव दिने।
(ग) अध्यक्ष वा महासचिवको निर्देशनमा संघको तर्फबाट प्रतिनिधित्व गर्ने।
(घ) तोकेको अन्य कार्यहरु गर्ने गराउने।

## परिच्छेद – ६
## सदस्यता

१६. <u>संघको सदस्यताः</u> (१)संघको विधान प्रति आस्था र सम्मान गर्ने व्यक्तिहरुलाई संघको विधान तथा सदस्यता सम्बन्धी नियमावली रहेको अवस्थामा सदस्यता नियमावली समेतको अधिनमा रही पौडी खेलमा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुर्याएको वा पौडी खेलमा रुची राख्ने व्यक्तिलाई पौडी संघको सदस्यता प्रदान गर्न सकिनेछ।
(क) आजिवन सदस्य
(ख) मानार्थ सदस्य
(ग) विशिष्ट सदस्य
(घ) साधारण सदस्य

(२) संघको आजिवन सदस्यता देहायको आधारमा प्रदान गरिनेछः
(क) संघले तोकेको आजिवन सदस्यको शुल्क बुझाउने व्यक्ति।
(ख) पौडी खेलकुदमा महत्वपूर्ण योगदान पुर्याएका व्यक्तिलाई संघको केन्द्रीय कार्य समितिले आजिवन सदस्यता प्रदान गर्न सक्नेछ।
(ग) आजिवन सदस्यता शुल्क संघले तोके बमोजिम हुनेछ। तर उपदफा २ (ख) बमोजिम आजिवन सदस्यता प्रदान गर्न यस दफाले बाधा पुर्याएको मानिने छैन।
(घ) क◌ार्य समितिले आजिवन शुल्क थप वा घट गर्न सक्नेछ।
(ङ) तोकिएको सदस्यता शुल्क बुझाउने व्यक्तिलाई संघले आजिवन सदस्यता प्रदान गर्न सक्नेछ।

(३) संघको मानार्थ सदस्यता देहायको आधारमा केन्द्रीय कार्य समितिले प्रदान गर्न सक्नेछः
(क) पौडी खेलमा धेरै लामो समयदेखि सेवा पुर्याउँदै आएका व्यक्ति वा संस्था।
(ख) पौडी खेलका लागि कुनै विशिष्ट योगदान पुर्याएका व्यक्ति।
(ग) मानार्थ सदस्य स्वेदशी वा विदेशी व्यक्ति वा संस्था जोसुकैलाई पनि प्रदान गर्न सकिनेछ।
(घ) मानार्थ सदस्यता प्रदान गर्दा कुनै शुल्क लिईने छैन।

(ङ) मानार्थ सदस्यलाई मतदान गर्ने अधिकार हुनेछैन ।

(४) संघको केन्द्रीय कार्य समितिले देहायका व्यक्ति वा संस्थालाई विशिष्ट सदस्यता प्रदान गर्न सक्नेछ ।

(क) पौडी खेलकुदमा महत्वपूर्ण आर्थिक सहयोग पुर्याउने व्यक्ति वा संस्था ।

(ख) पौडी खेलकुदका लागि आवश्यक पर्ने खेलकुद सामाग्री वा भौतिक पूर्वाधार जुटाउने वा निर्माण गरिदिने व्यक्ति वा संस्था ।

(ग) पौडी खेलका अन्तर्राष्ट्रिय स्तरका खेलकुदमा सम्मानजनक स्थान दिलाई राष्ट्रलाई चिनाउने खेलाडी वा प्रशिक्षक

(घ) विशिष्ट सदस्यलाई मताधिकार हुने छैन ।

(५) संघको साधारण सदस्यता देहायको आधारमा प्रदान गर्न सकिनेछः

(क) पौडी खेलकुदप्रति रुचि राख्ने व्यक्ति ।

(ख) नेपाल पौडी संघको विधान प्रति आस्था र सम्मान गर्ने व्यक्ति ।

(ग) यस विधान तथा सदस्यता सम्बन्धी नियमावली बनेको अवस्थामा सो नियमावली र केन्द्रीय कार्य समितिले दिएको निर्देशन समेतका आधारमा जिल्ला कार्य समितिले संघको साधारण सदस्यता प्रदान गर्न सक्नेछ ।

(घ) साधारण सदस्यलाई जिल्ला संघको सभामा भाग लिने र मतदान गर्ने अधिकार हुनेछ ।

(ङ) जिल्ला संघको सिफारिसमा संघद्धारा सदस्यता प्रदान गरिएका व्यक्तिबाट प्रवेश शुल्क वापत रु. १००।- (एक सय) र बार्षिक सदस्यता शुल्क रु. ५१।- (एकाउन्न) समेत रु. १५१।- (एक सय एकाउन्न) बुझाउनु पर्नेछ ।

(च) साधारण सदस्यता शुल्क बुझाउँदा एकमुष्ट रुपमा चार वर्षसम्मको शुल्क बुझाउन सकिनेछ ।

(छ) संघले तोकेको समयभित्र साधारण सदस्यता नविकरण नगरेमा सदस्यता समाप्त हुनेछ ।

(ज) संघको केन्द्रीय कार्यसमितिले मानार्थ र विशिष्ट सदस्यता प्रदान गर्ने अधिकार प्रदेश समिति वा जिल्ला समितिलाई प्रत्यायोजना गर्न सक्नेछ ।

(झ) साधारण सदस्यता शुल्क संघको निर्णय अनुसार कायम हुन सक्नेछ ।

(ञ) जुन जिल्लाबाट सदस्यता प्राप्तिको लागि आवेदन गरेको हो, सोही जिल्ला संघको सदस्यता कायम रहने गरी सदस्यता प्रदान गरिनेछ ।
तर एक जिल्लाबाट सदस्यता प्राप्त गरिसकेपछि प्रदेश समितिको सिफारिस भएमा अर्को जिल्ला वा प्रदेश अन्तर्गतको कुनै जिल्लाको सदस्यता कायम गर्ने गरी सदस्यता स्थानान्तर गर्न स्वीकृति दिन यस प्राबधानले बाधा पुग्ने छैन ।

(ट) आजिवन, मानार्थ र विशिष्ट सदस्यहरुको पनि कुन जिल्लाबाट प्रतिनिधित्व गर्ने हो, त्यस्तो सदस्यता प्रदान गर्दा सो सदस्यता रहेको जिल्ला खुलाईनेछ ।

(ठ) माथीका दफाहरुमा जेसुकै कुरा लेखिएको भएता पनि नेपाली नागरिक वाहेकका व्यक्तिलाई साधारण सदस्यता प्रदान गरिनेछैन ।

१७. <u>सदस्य हुन योग्यताः</u> देहायका व्यक्ति मात्र सदस्य हुन योग्य हुनेछन्ः

(क) अठार वर्ष उमेर पुगेको नेपाली नागरिक ।
तर खेलाडीको हकमा वर्षको बन्देज लाग्नेछैन ।

(ख) संघ वा संघ अन्तर्गतका कर्मचारी नभएका व्यक्ति ।

(ग) मगज नविग्रिएका व्यक्ति ।

(घ) नैतिक पतन हुने फौजदारी मुद्दामा अदालतबाट दोषी प्रमाणित नभएको व्यक्ति ।

१८. <u>सदस्यताको समाप्तिः</u> देहायको अवस्थामा संघको सदस्यता समाप्त हुनेछः

(क) सदस्यता नविकरण नगरेमा ।

(ख) संघको उद्देश्य विपरित कार्य गरेको भनीसम्बन्धित जिल्ला संघको सिफारिसमा केन्द्रीय कार्यमितिले निर्णय गरेमा ।

तर जिल्ला संघले साधारण सदस्यता समाप्त गर्ने गरी केन्द्रीय संघमा सिफारिस गर्नु भन्दा पहिले सम्बन्धित साधारण सदस्यलाई सफाईको मौका दिनु पर्नेछ।

(ग) नैतिक पतन देखिने फौजदारी अपराधमा दोषी प्रमाणित भएमा।

(घ) मानसिक सन्तुलन गुमाएको ठहर भएमा।

(ङ) गैर नेपाली नागरिक ठहर भएमा।

(च) राजिनामा दिएमा।

साधारण सदस्यको राजिनामा सम्बन्धित जिल्ला कार्य समितिले स्वीकृति गरी यसको जानकारी केन्द्रीय संघलाई दिनेछ । साधारण सदस्य बाहेक अन्य सदस्यको राजिनामा केन्द्रीय कार्यसमितिले स्वीकृत गर्नेछ।

(छ) कानून बमोजिम निजको सदस्यता समाप्त भएमा।

(ज) मृत्यु भएमा।

१९. <u>कार्यसमितिको सदस्यता समाप्ति हुने अवस्थाः</u> (१)संघको केन्द्रीय कार्यसमिति वा प्रदेश संघ वा जिल्ला संघको कार्यसमितिका सदस्यहरुको पद देहायको अवस्थामा समाप्त हुनेछः-

(क) साधारण सदस्यता नविकरण नगरेमा वा साधारण सदस्यता नरहेमा।

(ख) संघको उद्देश्य विपरित कार्य गरेको ठहर गरी संघले निर्णय गरेमा,
तर त्यस्तो सदस्यलाई संघले सफाईको मौका दिनुपर्नेछ।

(ग) नैतिक पतन देखिने फौजदारी अपराधमा दोषी ठहरिएमा।

(घ) मानसिक सन्तुलन गुमाएको ठहर भएमा।

(ङ) सम्बन्धित सदस्य उपर अविश्वास प्रस्ताव पारित भएमा।

(च) साहुको दामासाहीमा परेमा।

(छ) संघको वैतनिक कर्मचारी नियुक्ति भएमा।

(ज) गैर नेपाली नागरिक ठहरिएमा।

(झ) मृत्यु भएमा।

(ञ) राजिनामा दिएमा।

(ट) लगातार तीन पटक सम्म विना सूचना वैठकमा अनुपस्थित रहेमा।

(ठ) संघको सदस्यता नरहेमा।

२) कार्यसमितिका उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष र सदस्यहरुले अध्यक्ष समक्ष राजिनामा दिन सक्नेछन। अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमिति समक्ष राजिनामा पेश गर्न सक्नेछ।

२०. <u>रिक्त सदस्यको पदपूर्तिः</u> संघ वा प्रदेश संघ वा जिल्ला संघको कार्यसमितिको कुनै सदस्यको पद यस विधान बमोजिम खाली भएमा साधारण सभा नहुन्जेलसम्मका लागि देहाय बमोजिम पदपूर्ति गरिनेछः-

(क) सम्बन्धित कार्यसमितिको निर्णयबाट त्यस्तो सदस्यले गर्दै आएको कार्य अर्को कुनै सदस्यले गर्ने गरी तोक्न सक्नेछ। तर अध्यक्षको पद खाली भएमा बरिष्ठ उपाध्यक्षले अध्यक्षको काम गर्नेछ।

(ख) रिक्त रहेको सदस्यको स्थान साधारण सभाद्वारा पदपूर्ति गरिनेछ।

(ग) निर्वाचित सदस्यहरुको पदमा साधारण सभा हुन दुई महिना भन्दा कम समय बाँकी रहेको अवस्थामा त्यस्तो कार्य गर्ने गरी जिम्मेवारी तोकिने छैन।

## परिच्छेद – ७
## अविश्वासको प्रस्ताव

२१. <u>अविश्वासको प्रस्तावः</u> (१) संघको कार्यसमिति प्रदेश संघको कार्य समिति वा जिल्ला संघको कार्यसमिति उपर वा कुनै पदाधिकारी तथा सदस्यका उपर सम्बन्धित साधारण सभाको एक चौथाई सदस्यले अविश्वासको प्रस्ताव दर्ता गराउन सक्नेछन्।

(२) उपदफा १ बमोजिम दर्ता हुन आएको अविश्वासको प्रस्ताव उपर छलफल र निर्णयका लागि सम्बन्धित कार्यसमितिले पैतालिस दिन भित्र विशेष साधारण सभा बस्ने गरी सूचना दिनु पर्नेछ।

(३) अविश्वासको प्रस्ताव उपर छलफल गर्न बसेको साधारण सभाले अविश्वास प्रस्तावको पक्ष विपक्षको राय र सम्बन्धित पदाधिकारी वा सदस्यको प्रतिवाद कथनलाई विचार गरी साधारण सभामा तत्काल कायम रहेको साधारण सभाको सदस्य संख्याको दुई तिहाई सदस्यले प्रस्तावको पक्षमा मत दिएमा अविश्वासको प्रस्ताव पारित भएको मानिनेछ । परिणामस्वरुप सम्बन्धित कार्यसमिति वा सदस्य आफ्नो पदबाट मुक्त भएको मानिनेछ।

(४) अविश्वास प्रस्ताव उपर छलफल गर्न बोलाएको विशेष साधारण सभाको अध्यक्षता कार्य समितिको अध्यक्षले गर्नेछ । तर कार्य समितिको विरुद्ध अविश्वास दर्ता भएकोमा सधारण सभाको सवभन्दा जेष्ठ सदस्यले वैठकको अध्यक्षता गर्नेछ र अध्यक्ष उपर अविश्वास प्रस्ताव दर्ता भएकोमा बरिष्ठ उपाध्यक्षले विशेष साधारण सभाको वैठकको अध्यक्षता गर्नेछ।

(५) कार्य समिति उपर अविश्वासको प्रस्ताव पारित भएमा उक्त विशेष साधारणसभाबाट तीन महिनाभित्र निर्वाचन गराउने गरी सभाका सदस्यहरु मध्येबाट एउटा तदर्थ समिति गठन गरिनेछ । उक्त तदर्थ समितिले दैनिक प्रशासनिक कार्यहरु गरी निर्वाचन गराउन पाउनेछ।

(६) बार्षिक साधारण सभा वस्ने अवस्था रहेमा अविश्वासको प्रस्ताव त्यस्तो बार्षिक साधारण सभामा पनि पेश गर्न सकिनेछ।

(७) अविश्वास प्रस्ताव निर्वाचन भएको एक वर्ष नवित्दै र एउटा अविश्वासको प्रस्ताव अस्विकृत भएको मिति देखि एक वर्ष नवित्दै अर्को अविश्वास प्रस्ताव पेश गर्न पाउने छैन।

## परिच्छेद – ८

## कोष

२२. <u>कोषको संचालनः</u> (१)कोषको संचालन संघको अध्यक्ष, महासचिव र कोषाध्यक्ष मध्ये दुई जनाको संयुक्त हस्ताक्षरबाट संचालन हुनेछ । कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुनेछ।

(२) संघको आफ्नो छुट्टै कोष रहनेछ । जसमा देहायका रकमहरु रहनेछन्ः–

(क) नेपाल सरकार वा परिषदबाट प्राप्त सहयोग वा अन्य रकम।

(ख) नेपाल सरकारको सम्बन्धित निकायबाट पूर्व स्वीकृति लिई अन्तर्राष्ट्रिय दातृ संस्था वा व्यक्तिबाट प्राप्त चन्दा, दान वा उपहार।

(ग) संघलाई प्राप्त सदस्यता प्रवेश शुल्क, नविकरण शुल्क वा आजिवन सदस्यता शुल्क।

(घ) संघले आर्जन वा प्राप्त गरेको चल वा अचल सम्पत्ति।

(ङ) संघले लगानी गरेको पूँजी र आर्जन गरेको अन्य रकम।

(३) प्रदेश स्तर र जिल्ला स्तरको कोषको संचालन अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये दुईजनाको संयुक्त हस्ताक्षरबाट संचालन हुनेछ । कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुनेछ।

(४) संघको आय–व्यय र हिसाब किताबको लेखापरिक्षण नेपाल सरकारको स्वीकृति प्राप्त लेखा परिक्षकबाट गरिनेछ।

(५) लेखा परिक्षण प्रतिवेदन परिषद र सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ।

## परिच्छेद – ९

## विविध

२३. <u>मानार्थ अध्यक्ष सम्बन्धी व्यवस्थाः</u> संघले यस संघका पूर्व अध्यक्षहरुलाई संघको मानार्थ अध्यक्ष तोक्न सक्नेछ । निवर्तमान अध्यक्षलाई कार्यसमिति बैठकमा आमन्त्रित गरिनेछ।

२४. <u>समिति, उपसमिति तथा सल्लाहकार सम्बन्धी व्यवस्थाः</u> (१)संघले संघको कार्यलाई व्यवस्थित गर्न विभिन्न समिति, उपसमिति बनाई जिम्मेवारी तोक्न सक्नेछ।

(२) संघले यस संघको उद्देश्य प्राप्तिका लागि समाजका लब्ध प्रतिष्ठित व्यक्ति, पूर्व खेलाडी, समाजसेवी, बुद्धिजीवी समेतलाई सल्लाकारमा नियुक्ति गर्न सक्नेछ।

२५. विधान संशोधनः (१)यस विधानमा कुनै संशोधन गर्न परेमा कार्यसमितिले साधारण सभा हुनुभन्दा कम्तिमा एक्काईस दिन अगाडि लिखित सूचना दिई प्रस्तावित गर्न सक्नेछ।

(२) प्रस्तावित संशोधन साधारण सभामा उपस्थित सदस्यहरुको दुई तिहाई मतद्वारा पारित हुनुपर्नेछ।

२६. निर्वाचनः (१) संघको विधान अनुसार हुने निर्वाचनका लागि कार्यसमितिले निर्वाचन समिति गठन गर्नेछ। त्यस्तो निर्वाचनमा राष्ट्रिय खेलकुद परिषद, नेपाल ओलम्पिक कमिटी तथा अन्तर्राष्ट्रिय महासंघका प्रतिनिधिहरु पर्यवेक्षकको रुपमा आमन्त्रित गर्नु पर्नेछ।

(२) निर्वाचन सम्बन्धी व्यबस्था तोकिए बमोजिम हुनेछ।

(३) संघले निर्वाचन निर्देशिका नवनाएसम्म निर्वाचन समितिले बनाएको कार्यविधि अनुसार निर्वाचन सम्पन्न हुनेछ।

(४) प्रचलित नेपाल कानून तथा संघको विधान बमोजिम स्वतन्त्र र निष्पक्ष निर्वाचन सम्पन्न गर्ने गराउने उत्तरदायित्व निर्वाचन समितिको हुनेछ।

(५) निर्वाचनका विषयमा उठेका विवादको सम्बन्धमा निर्वाचन समितिले गरेको निर्णय अन्तिम हुनेछ।

२७. नियम वा विनियम बनाउने अधिकारः (१)यस विधानको उद्देश्यहरु पूर्ति गर्न स्वीकृत विधानको व्यवस्थाको परिधि भित्र रही कार्यसमितिले आवश्यक नियम, विनियम, कार्यबिधि तथा निर्देशिकाहरु बनाउन सक्नेछ।

(२) कार्यसमितिले बनाएका नियम, विनियम, कार्यबिधि तथा निर्देशिकाहरु साधारण सभाको स्वीकृति लिई लागु गर्नेछ।

२८. आर्थिक वर्षः संघको आर्थिक वर्ष नेपाल सरकारको आर्थिक वर्ष अनुरुप हुनेछ। संघको प्रत्येक आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन आश्विन मसान्त भित्र परिषदमा पेश गरिनेछ। कुनै कारणवश आश्विन महिना भित्र पेश गर्न नसकेमा संघको लेखा परिक्षण प्रतिवेदन पौष मसान्त भित्रमा परिषदमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

२९. बाधा अड्काउ फुकाउनेः यस विधानको कार्यान्वियनमा कुनै बाधा अड्काउ परेमा केन्द्रीय कार्यसमितिले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ। त्यसको अनुमोदन त्यस पछि लगत्तै बसेको साधारण सभाबाट गराउनु पर्नेछ।

३०. विवादको समाधानः (१)विवादको समाधान अन्तर्राष्ट्रिय मुल्य र मान्यता अनुसार गठन भएको Court of Sports Arbitration द्वारा गरिनेछ।

(२) उपदफा (१) बमोजिम Court of Sports Arbitration गठन नभएको अवस्थामा कुनै विवाद भएमा कार्य समितिले विवाद समाधान छानविन समिति गठन गरी सो समितिको सिफारिशको आधारमा विवाद समाधान गर्नेछ।

३१. अन्तर्राष्ट्रिय सदस्यताः संघले पौडी खेलको विकास र विस्तार तथा सहयोगका लागि सम्बन्धित जुनसुकै अन्तर्राष्ट्रिय महासंघ (अन्तर्राष्ट्रिय, एशियाली तथा दक्षिण एशियाली स्तर) आदिको सदस्यता प्राप्त गर्न सक्नेछ।

३२. संघको विघटनः संघको विघटन भएमा संघको सम्पूर्ण जायजेथा राष्ट्रिय खेलकुद परिषदमा सर्नेछ।

३३. खारेजी र बचाउः (१) नेपाल पौडी संघको विधान २०६३ बमोजिम भए गरेका कार्यहरु यसै विधान बमोजिम भए गरेको मानिनेछ।

(२) संघ अन्तर्गतका संस्था वा क्लवहरुको मान्यता यसै विधान बमोजिम यथावत कायम रहको मानिनेछ।

(३) संघको तदर्थ समितिको स्वीकृतिमा गठन भएका जिल्ला वा प्रदेश संघहरु यसै विधान बमोजिम गठन भएको मानिनेछन्

(४) संघको तदर्थ समितिले गरेका कार्यहरु यसै विधान बमोजिम भए गरेको मानिनेछ।

(५) केन्द्रीय कार्यसमितिले मान्यता प्रदान गरेको वा कार्यसमितिद्वारा गठित जिल्ला तथा प्रदेश तदर्थ समितिहरु यसै विधान बमोजिम गठन भएको मानिनेछ।

(६) यस अघि कायम रहेको पौडी संघको विधान २०६३ खारेज गरिएको छ।

(७) यस विधानमा लेखिएका कुराहरु प्रचलित नेपाल कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ